# मर्चवारीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८२/०९/२५

## भाग-२

मर्चवारीमाई गाउँपालिका, खैरा, रुपन्देही

# मर्चवारीमाई गाउँपालिकाको अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८२

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गरी लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, सार्वजनिक यातायातमा सहजतता प्रदान गर्न र अटो सवारी साधन संचालनलाई व्यवस्थित, मर्यादित बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी मर्चवारी गाउँपालिकाले अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७२ जारी गरेको छ ।

**(१) मर्चवारीमाई गाउँपालिका कार्यालयमा दर्ता नगरी गाउँ क्षेत्र भित्र अटो रिक्सा चलाउन नपाइने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम मर्चवारीमाई गाउँपालिका कार्यालयमा दर्ता नगरी कोही कसैले पनि गाउँ क्षेत्रभित्र अटो रिक्सा, ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित सवारी धनीले रुट परमिटका सम्पूर्ण शर्तहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ । अन्यथा यस कार्यालयबाट अनुगमनमा खटिएका जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरीले जरिवाना गर्नेछन् । तोकिएको पार्किङस्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा पहिलो पटक रु ५०, दोस्रो पटक रु २०० जरिवाना र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ ।

**(२) गाउँपालिकामा दर्ता / पार्किङ सम्बन्धी व्यवस्था :**

१. सार्वजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा, ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस गाउँपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी समक्ष दरखास्त दिनु पर्नेछ ।

बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाइ न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिँदा सडकको अवस्था, यात्रुको चापलाई ख्याल गरिनेछ ।

२. अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समिति गठन :
अटो रिक्साको समग्र व्यवस्थापन दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किङस्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यवस्थापन गर्नका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा सरोकारवाला सहित तपशील बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य
(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) गाउँपालिका पूर्वाधार विकास शाखा प्रमुख — सदस्य
(ङ) प्रतिनिधी इलाका प्रहरी कार्यालय — सदस्य
(च) अटोरिक्सा ब्यबसायी मध्ये गाउँपालिकाबाट मनोनित २ जना- सदस्य
(छ) गाउँपालिका राजस्व शाखा प्रमुख — सदस्य-सचिव

साथै आवश्यकता अनुसार दुइ जनालाई आमन्त्रित गर्न सकिनेछ ।

३. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे पुगे/नपुगेको, आवश्यक कागजात भए नभएको अध्ययन गरी नियमानुसार लाग्ने अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिने छ ।

**(३) रिक्साचालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्नेः**

यस गाउँपालिकामा सञ्चालन हुने रिक्सा व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागि सम्बन्धित निकायमा दर्ता भई संगठित हुन सक्नेछन् । तर, गाउँमा चल्ने रिक्साको संख्या, रुट, भाडादर लगायत सम्बन्धित विषयको निर्णय गाउँपालिकाले गठन गरेको समितिले मात्र गर्नेछ ।

**(४) दर्ता प्रमाण पत्रको अवधिः** दफा (२) वमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाण पत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

**(५) दर्ता प्रमाण पत्रको नवीकरणः** दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको ३ महिना भित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ । ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ वर्षसम्म १०० प्रतिशत, २ वर्षसम्म २०० प्रतिशत, ३ वर्षसम्म ३०० प्रतिशत, ४ वर्ष सम्म ४०० प्रतिशत र ५ वर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिइ त्यस्तो दर्ता प्रमाण पत्रको नवीकरण गर्नु पर्नेछ ।

**(६) नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारी धनीले ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ वर्ष सम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ट लिइ दर्ता प्रमाण पत्र ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ

**(७) दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनै रिक्साधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**(८) प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति सबै यसै चमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ । कार्यविधिलाई कार्यपालिका बैठकले आवश्यक संसोधन गर्न सक्नेछ ।

## अनुसूची- १

## दफा २ को उपदफा (१) सँग सम्बन्धित

## विषयः अटो रिक्सा, ई-रिक्सा दर्ता सम्बन्धमा

| |
|---|
| दरखास्तवालाको<br>फोटो |

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
मर्चवारीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खैरा, रुपन्देही

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणपत्रहरु यसै साथ राखि पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु ।

**सवारी धनीको :**

नम थर :

ठेगाना :

मोबाईल नम्बर :

पिता वा पति/पत्नीको नाम थरः

सवारी दर्ता नं :

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्षपावर :

सवारीको इञ्जिन नं :

सवारीको चेसिज नं :

सवारीको रंग : सवारीको प्रयोगः निजी/भाडा

सवारीमा चालक सहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/व्याट्री

यस दरखास्त फाराममा उल्लिखत सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून वमोजिम सहुँला/बुझाउँला ।

कम्पनी/संस्थाको छाप

दरखास्तवालाको :

दस्तखतः

नाम, थरः

मितिः

## अनुसूची-२

## दफा २ को उपदफा (३) संग सम्बन्धित

| क्र.स. | सवारी दर्ता दस्तुर रु | नामसारी दस्तुर रु | नविकरण दस्तुर रु | प्रतिलिपी दस्तुर रु |
|---|---|---|---|---|
| १ | ७५०/- | ५००/- | ५००/- | २५०/- |

नोटः तत्काल कायम गरिएको यो मूल्य/ शुल्क दर गाउँसभाले परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची- ३

**दफा २ को उपदफा (३) सँग सम्बन्धित**

**मर्चवारीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खैरा, रुपन्देही, लुम्बिनि प्रदेश, नेपाल**

**सवारी साधन दर्ता प्रमाण-पत्र**

नगरपालिका दर्ता नं. :

सवारी धनीको नाम थर :

ठेगाना :

पिता वा पतिको नाम थरः

सवारी दर्ता नं :

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्षपावर :

सवारीको इन्जिन नं :

सवारीको चेसिज नं :

सवारीको रंग :

सवारीको प्रयोग : निजी/भाडा

सवारीमा चालक सहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/व्याट्री

अधिकृतको दस्तखत
नवीकरण

| अर्थिक वर्ष | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**
**उपमन्यू त्रिपाठी**
**प्रमुख प्रशासकीय अधिकृत**